प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

सूचना नं. १२ /०८०-०८१

## लैङ्गिक तथा जनचेतनामूलक अभियान कार्यक्रम र स्वरोजगारमूलक कार्यक्रम सञ्चालन साझेदारीका लागि सामाजिक विकास संस्था (गैसस) हरूसँग प्रस्ताव आह्वान गरिएको सूचना

विभिन्न किसिमका जनचेतनामूलक अभियानको माध्यमबाट लैङ्गिक विभेदको अन्त्य गर्न तथा स्वरोजगारमूलक कार्यको प्रवर्धनद्वारा लैङ्गिक समानता कायम गर्न यस प्रदेशमा कार्यरत सामाजिक विकास संस्था (गैसस) को समेत लगानी तथा साझेदारीमा प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिने **लैङ्गिक तथा जनचेतनामूलक अभियान कार्यक्रम** र **स्वरोजगारमूलक कार्यक्रम** सञ्चालनमा साझेदारी गर्न इच्छुक देहाय बमोजिमको शर्तहरुको अधीनमा रही योग्यता पुगेका सामाजिक विकास संस्थाहरुलाई मिति २०८० चैत्र १५ गते भित्र आवश्यक कागजात संलग्न गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **लैङ्गिक अभियान कार्यक्रम सञ्चालन**का लागि देहाय बमोजिम शर्तहरू तोकिएको छः-

(क) सामाजिक विकास संस्थाहरूले एउटा कार्यक्रमको लागि कम्तिमा एक लाखदेखि बढीमा दुई लाख रूपैयाँसम्मको खर्च रकम प्रस्ताव गर्नु पर्नेछ। यसरी पेश भएका प्रस्तावमा उल्लिखित रकममध्ये मन्त्रालयबाट स्वीकृत भई प्रदान गरिने रकमको कम्तिमा बिस प्रतिशत रकम सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(ख) पेश भएका प्रस्तावहरूमध्ये घरेलु तथा लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, मानव बेचबिखन तथा ओसारपसार, बोक्सी प्रथा लगायतका महिला र बालबालिकाविरूद्धका सामाजिक कुरीतिको अन्त्य गर्ने तथा मन्त्रालयबाट तय गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनमा सहायता पुग्ने खालका प्रस्तावलाई छनोटका लागि प्राथमिकता दिइनेछ।

(ग) अभियान सञ्चालनका लागि स्वीकृत गरिएका सामाजिक विकास संस्थाहरूले लैङ्गिक विभेद अन्त्य गर्ने उद्देश्य राखी सोही किसिमका विषयवस्तुहरू समावेश गरी विभिन्न किसिमका तालिम, गोष्ठी, प्रभातफेरी, रेडियो जिङ्गल प्रशारण, सडक नाटक मञ्चन लगायतका कार्यहरू गरी सचेतानमूलक अभियान सञ्चालन गर्नु पर्नेछ।

(घ) अभियान सञ्चालनका लागि मन्त्रालयसमक्ष पेश गरिने प्रस्तावमा संस्थाको बारेमा संक्षिप्त जानकारीका अतिरिक्त प्रस्तावित अभियान कार्यक्रमको परिचय, अभियान सञ्चालन गरिने स्थान, अभियान सञ्चालनका क्रममा गरिने कम्तिमा ३ वटा क्रियाकलापहरू, लाग्ने खर्च र उक्त खर्च बहन गर्ने स्रोतहरू, मन्त्रालयबाट अपेक्षित रकम, संस्थाबाट थप गरिने रकम तथा अभियानको प्रभाव लगायतका विषयहरू समेत उल्लेख गर्नु पर्नेछ।

२. **स्वरोजगारमूलक कार्यक्रम** सञ्चालनका लागि देहाय बमोजिम शर्तहरू तोकिएको छः-

(क) सामाजिक विकास संस्थाहरूले एउटा कार्यक्रमको लागि कम्तिमा एक लाखदेखि बढीमा तीन लाख रूपैयाँसम्मको खर्च रकम प्रस्ताव गर्नु पर्नेछ। यसरी पेश भएका प्रस्तावमा उल्लिखित रकममध्ये मन्त्रालयबाट स्वीकृत भई प्रदान गरिने रकमको कम्तिमा बिस प्रतिशत रकम सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(ख) पेश भएका प्रस्तावहरूमध्ये अपाङ्गता भएका महिला, एकल, विपन्न, दलित, आदिवासी/जनजाति, मधेसी तथा सीमान्तीकरणमा परेका महिलाहरूको आर्थिक सशक्तीकरण गर्ने प्रकारका कार्यक्रम समेटिएका प्रस्तावहरूलाई प्राथमिकता दिइनेछ।

(ग) कृषि, पशुपालन, हस्तकलाका सामग्री, बाँसबाट बनेका सजावटका सामग्री, मुढा, झल्ला तथा ढाका कपडा बुनाई, महिला तथा पुरूषको कपाल काट्ने, सौन्दर्य सम्बन्धी तथा अन्य प्रकारका स्वरोजगारमूलक तालिम सम्बन्धी प्रस्तावलाई छनोटका लागि प्राथमिकता दिइनेछ । यसरी प्रस्ताव पेश गर्दा कम्तिमा ७ दिनदेखि बढीमा ३९० घण्टा सम्मको स्वरोजगारमूलक तालिम कार्यक्रम हुनु पर्नेछ।

(घ) कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले कोशी प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड बमोजिम तालिम कार्यक्रममा बजेट रकमको खर्च गर्नु पर्नेछ।

(ङ) कार्यक्रम सञ्चालनका लागि मन्त्रालयसमक्ष पेश गरिने प्रस्तावमा संस्थाको संक्षिप्त परिचयका अतिरिक्त प्रस्तावित कार्यक्रमको परिचय, उद्देश्य, कार्यक्रम सञ्चालन गरिने स्थान, कार्यक्रम सञ्चालनका क्रममा गरिने क्रियाकलापहरू, लाग्ने खर्च र उक्त खर्च बहन गर्ने स्रोतहरू, मन्त्रालयबाट अपेक्षित रकम, संस्थाबाट थप गरिने रकम तथा कार्यक्रमको प्रभाव लगायतका विषयहरू समेत उल्लेख गर्नु पर्नेछ।

३. एउटा संस्थाले उल्लिखित दुवै कार्यक्रमका लागि प्रस्ताव पेश गर्नु परेमा छुट्टाछुट्टै प्रस्ताव गरी पेश गर्नु पर्नेछ। कार्यक्रमका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा यसै सूचनाको अनुसूचीमा संलग्न गरिएको छ।

४. संस्था छनौटको मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) लैङ्गिक विकास तथा सशक्तीकरणको उद्देश्य राखी स्थापना भएको,

(ख) कोशी प्रदेशमा कार्यक्षेत्र भएको,

(ग) कार्य समितिमा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको र आर्थिक रूपमा पछाडी परेका दलित र जनजाति महिलाहरू कार्यसमितिमा रहेका,

(घ) प्रदेश कानून बमोजिम मन्त्रालयमा दर्ता वा सूचीकृत भएको।

५. प्रस्तावसाथ देहाय बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपि,

(ख) स्थायी लेखा नं. (PAN) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) गत आ.व. सम्मको करचुक्ता भएको वा करछुटको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(ङ) जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका संस्थाको हकमा कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयमा सूचीकृत भएको पत्रको प्रमाणित प्रतिलिपि,

(च) संस्थाको वर्तमान कार्य समितिको विवरण सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

(छ) कार्यक्रमका लागि मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको कार्य समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ज) प्रस्ताव पेश गरेको सम्बन्धमा संस्थाको लेटर प्याडमा लेखिएको पत्र,

(झ) संस्थाको बैंक खाता सम्बन्धी विवरण र चेकको प्रतिलिपि ।

***नोटः थप जानकारीका लागि सम्पर्क नम्वर ९८४२३९०८१८***

## <u>अनुसूचीहरू</u>

**लैङ्गिक तथा जनचेतनामूलक अभियान कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयसमक्ष पेश गरिने**
**<u>प्रस्तावको ढाँचा</u>**

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. संस्थाको केन्द्रीय कार्यालय रहेको ठेगानाः

३. कोशी प्रदेशभित्र कार्यालय रहेको ठेगानाः

४. संस्था दर्ता भएको मिति र दर्ता भएको स्थानः

५. कोशी प्रदेशमा सूचीकृत भएको मितिः

६. कार्यसमितिका सदस्यहरूको विवरण:

| सि.नं. | नामथर | ठेगाना | उमेर | लिङ्ग | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. प्रस्तावित अभियानको संक्षिप्त परिचयः

८. प्रस्तावित अभियानको उद्देश्य:

९. अभियान सञ्चालन गरिने स्थान:

१०. अभियानका लागि लाग्ने अनुमानित लागत:

११. अभियानका लागि लाग्ने लागत जुटाउने स्रोत:

(क) प्रदेश सरकारबाट अपेक्षा गरिएको रकमः

(ख) संस्थाबाट थप गरिने रकमः

(ग) स्थानीय तहबाट अपेक्षा गरिएको रकम:

(घ) अन्य स्रोतबाट अपेक्षा गरिएको रकमः (प्रत्येकको स्रोत खुलाई उल्लेख गर्नुपर्ने)

१. ........

२. ........

३. .........

४. ..........

१२. अभियान सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप र सो का लागि लाग्ने अनुमानित खर्चः (अभियानका क्रममा गरिने कार्यहरू र सो का लागि लाग्ने अनुमानित खर्च उल्लेख गर्नुपर्ने)

| क्र.सं. | क्रियाकलाप | लाभान्वित वर्ग | परिमाण (पटक) | अनुमानित खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१३. अपेक्षित उपलब्धिः (अभियान सञ्चालनबाट लक्षित वर्ग, समुदाय र प्रदेशमा कस्तो उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ? उल्लेख गर्नुपर्ने)

(क) .........

(ख) .........

(ग) ..........

(घ) ...........

१४. संस्थाको भावि योजना: (संस्थाद्वारा भविष्यमा गरिने अन्य कुनै कार्यक्रम/योजना भए सो समेत उल्लेख गर्नुपर्ने)

.............................................................................................................................

..................................................................................................................

संस्थाको छापः

**<u>निवेदक</u>**

दस्तखतः

नाम, थरः

पदः

**<u>स्वरोजगारमूलक कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयसमक्ष पेश गरिने प्रस्तावको ढाँचा</u>**

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. संस्थाको केन्द्रीय कार्यालय रहेको ठेगानाः

३. कोशी प्रदेशभित्र कार्यालय रहेको ठेगानाः

४. संस्था दर्ता भएको मिति र दर्ता भएको स्थानः

५. कोशी प्रदेशमा सूचीकृत भएको मितिः

६. कार्यसमितिका सदस्यहरूको विवरण:

| सि.नं. | नामथर | ठेगाना | उमेर | लिङ्ग | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. प्रस्तावित कार्यक्रमको संक्षिप्त परिचयः

८. प्रस्तावित कार्यक्रमको उद्देश्य:

९. कार्यक्रम सञ्चालन गरिने स्थान:

१०. कार्यक्रमका लागि लाग्ने अनुमानित लागत:

११. कार्यक्रमका लागि लाग्ने लागत जुटाउने स्रोतः

(क) प्रदेश सरकारबाट अपेक्षा गरिएको रकमः

(ख) संस्थाबाट थप गरिने रकमः

(ग) स्थानीय तहबाट अपेक्षा गरिएको रकम:

(घ) अन्य स्रोतबाट अपेक्षा गरिएको रकमः (प्रत्येकको स्रोत खुलाई उल्लेख गर्नुपर्ने)

१. ........

२. ........

३. .........

४. ..........

१२. कार्यक्रम सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप र सो का लागि लाग्ने अनुमानित खर्चः (कार्यक्रम सञ्चालनका क्रममा गरिने कार्यहरू र सो का लागि लाग्ने अनुमानित खर्च उल्लेख गर्नुपर्ने)

| क्र.सं. | क्रियाकलाप | लाभान्वित वर्ग | परिमाण (पटक) | अनुमानित खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१३. अपेक्षित उपलब्धिः (कार्यक्रम सञ्चालनबाट लक्षित वर्ग, समुदाय र प्रदेशमा कस्तो उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ? उल्लेख गर्नुपर्ने)

(क) .........

(ख) .........

(ग) ..........

(घ) ...........

१४. संस्थाको भावि योजना: (संस्थाद्वारा भविष्यमा गरिने अन्य कुनै कार्यक्रम/योजना भए सो समेत उल्लेख गर्नुपर्ने)

.........................................................................................................................

..............................................................................................................

संस्थाको छापः

**निवेदक**

दस्तखतः

नाम, थरः

पदः